# सामाजिक परिक्षण प्रतिबेदन, २०७०

## १ पृष्ठभूमि

स्थानीय निकाय आर्थिक प्रशाशन नियमावली २०६४ को नियम २०१( १) बमोजिम स्थानीय निकायहरुले एक आर्थिक बर्षमा समग्र सामाजिक जिम्मेबारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यबस्थीत गर्न स्थानीय निकायको सामाजिक परिक्षण गर्न शुरु गरिएको छ । यसै सन्दर्भमा घोराही नगरपालिकाले आर्थिक बर्ष २०६९।७० मा सम्पन्न भएका कार्यक्रमहरुको सामाजिक परिक्षणको जिम्मा हामी दुई सुदर्शन रिजाल र सन्तोस सुवेदीको विज्ञ समुहलाई दिए अनुसार यो सामाजिक परिक्षण सम्पन्न गरिएको छ । सामाजिक परिक्षणका क्रममा पाइएका कुराहरुलाई यहा प्रतिबेदनको रुपमा प्रश्तुत गरिएको छ ।

## २ सामाजिक परिक्षणको उद्देश्य

स्थानीय निकायको सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने उदेश्य अनुसार यस घोराही नगरपालिकाले आर्थिक बर्ष २०६९।७० मा काम गर्दा सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न गरेको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने ।

## ३ अध्ययनको विधी

उपलव्ध सन्दर्भ सामग्रीको अध्ययन र समिक्षा

अन्तर्बार्ता, स्थलगत निरिक्षण

अवलोकन र समुह छलफलबाट प्राप्त विबरण ।

## ४ अध्ययनका सीमा

सामाजिक परिक्षणको क्षेत्र घोराही नगरपालिकाले आर्थिक बर्ष २०६९।७० मा गरेका कामहरुको उपलव्धी र प्रभावको लेखाजोखा ।

स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधी २०६७ को मार्ग निदेशनमा रही २०७० असोज १० देखि कार्तिक २५ गतेको अवधीमा सम्पन्न गरिसक्नुपर्ने ।

## ५ बृहत छलफल कार्यक्रमको विबरण

- स्थान घोराही नगरपालिका ।
- मिति २०७० कार्तिक १५ गते दिउसो ११:३० बजे ।
- कार्यक्रम सञ्चालन घोराही नगरपालिकाका सूचना अधिकारी प्रेम के.सी.
- अध्यक्षता घोराही नगरपालिकाका कार्यकारी अधिकृत तुफान सिह के.सी.
- स्वागत घोराही नगरपालिकाका सूचना अधिकृत प्रेम के.सी.
- सामाजिक परिक्षणको उद्देश्य माथी प्रकाश विज्ञ समुहका सन्तोष सुवेदी
- घोराही नगरपालिकाले आर्थिक बर्ष २०६९।७० मा गरेका कामको प्रगति प्रस्तुती विज्ञ समुहका सुदर्शन रिजाल
- समुह छलफल सञ्चालन सहजीकरण विज्ञ समुहका सन्तोस सुवेदी
- छलफलमा आएका सल्लाह सुझावहरुको टिपोट विज्ञ समुहका सुदर्शन रिजाल

## सामाजिक परिक्षणको उद्देश्य

- घोराही नगरपालीकाले आव २०६९।७० मा गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु वारे प्रष्ट पार्ने ।
- घोराही नगरपालिका भित्र संचालित विकास योजनाहरुमा जनसहभागिताको स्थिति पत्ता लगाउने ।
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु पत्ता लगाई तिको समाधानका उपायहरु खोज्ने ।
- नगरपालीकाले पेश गरेको आर्थीक तथा कार्य संपादनको विबरण प्रतिको विश्वसनियता वारे पत्ता लगाउने ।
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर लेखाजोखा गर्ने ।
- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु प्रदान गर्ने ।

**सामाजिक परिक्षणको अवस्था प्रस्तुत विज्ञ समुहका सुदर्शन रिजाल (अनुसुची २ मा हेर्नुहोस ।)**

खुल्ला छलफलका लागि आचारसंहिता/एजेण्डाहरु प्रस्तुत विज्ञ समुहका सन्तोष सुवेदीबाट

आचारसंहिता

- विषयबस्तुमा केन्द्रित भइ छलफल गर्ने ।
- तत्थ्याङक र सूचनाको आधारमा रही विचार राख्ने ।
- व्यक्तिगत आक्षेप नलगाउने तथा नीजी कुरामा टिकाटिप्पणी नगर्ने ।
- सहभागिले व्यक्त गरेका विचारको प्रतिबाद नगर्ने, प्राप्त सुझाव र प्रतिक्रियालाई सकारात्मक रुपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र सिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने ।
- सामाजिक परिक्षकले समय दिएपछि मात्र एक व्यक्ति एक पटक बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने अर्काको कुरा नकाट्ने ।

**खुल्ला छलफलका एजेण्डाहरु**

- घोराही नगरपालीकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु ।
- नगरपालीकाले गरेका विकास योजनाहरुमा जनसहभागिताको स्थिति
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु
- घोराही नगरपालिकाले पेश गरेको विबरण प्रतिको विश्वसनियता
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु ।

**बृहत खुला छलफलबाट आएका समस्या तथा समाधानका लागि सुझावहरु**

**१ देबी बहादुर डि.सी.अध्यक्ष घोराही खानेपानी उपभोक्ता समिति**

घोराही नगरपालिका भित्रका सडकमा गरिएको पिचको गुणस्तर भएन । कस्ले हेर्ने हो हेर्नुपरयो । कस्को कारणले भइरहेको छ खोजी गर्नुपरयो । यस्तै सडकका नाला सफा गरौ । लामखुट्े हटाउन योजना ल्याउ । पानी स्वस्छताका लागि योजना चाहियो । कटुवा खोला मुल संरक्षणमा नगरपालिकाले ध्यान देओस । नगरपालिका क्षेत्रमा प्रदुषण बढेको छ । रोकथामका लागि योजना चाहियो ।

**२ प्रशान्त बली पत्रकार रेडियो मध्यपश्चिम**

घोराही नगरपालिकामा योजना धेरै हुने तर दिगो नहुने भईरहेको छ । खास गरी सडक पिचको कुरा । हरित नगर र प्लाष्टिक मुक्त योजना अलपत्र भएका छन् किन हो । ४-४ महिनामा सार्बजनिक सुनुवाई गर्ने गर्नुपरयो ।

**३ दधिराम खनाल सडक पिच उपभोक्ता समिति अध्यक्ष जिविस रोड**

नगरपालिकाको ५० प्रतिशत जनसहभागिताका सडक योजनाका काम सराहनिय भएपनि जनसहभागिता नहुने बाटा पहिले पिच भएको छ । उदाहरण जिविस रोड । अफिसले लगानी गर्न सकेन । सडकमा रहेका व्यक्तीका जग्गामा मापदण्ड लागु हुने तर सरकारी कार्यलय बाटोमै बनेको छ, उनीहरुलाई पनि मापदण्ड लागुहुनुपरयो । । दुबै तिर नगरबासीले उठाउन नसक्ने अवस्थामा के गर्ने । पानी वितरण समानुपातिक नहुदा टोलहरु काकाकुल भएका छन् । यस्मा नगरपालिकाले ध्यान दिनुपरयो । नगरपालिकाले बर्षातको पानी ड्याम बनाउने योजनामा केही प्रतिशत रकम छुट्टाउने योजना ल्याउनु परयो । पीपीसी भित्र नपर्ने बाटा पिच गर्नु भएन ।

**४ मदन न्यौपाने, उपभोक्ता एवं स्थानीय बासीन्दा घोराही ६ मसिना ।**

घोराही सिमेन्टका गाडीले नगरक्षेत्रमा प्रदुषण कबढाएका छन् । कटुवा खोलामा जथाभावी ढुङ्गा बालुवाको उत्खनन भईरहेको छ त्यसलाई नगरपालिकाले रोक्न पहल गर्नुपरयो । कृषि सडक भनेर रझेनाको आधा सडक पिच गरेर छाडिएको छ बाकीलाई पनि पीच गर्नेतर्फ ध्यान दिनुपरयो ।

**५ गगा वहादुर थापा, वडा नं ७ दहछेडा**

घोराही ७ दहछेडा हुदै लाहापे जाने बाटोमा नगरापालिकाले बजेट बढाउनु परयो । हेर्नुपरयो । ७ बडाका बासीन्दालाई खानेपानी सेवा पुगेको छैन ध्यान दिनुपरयो ।

**७ बम वहादुर थापा घोराही नगरबासी**

खुला दिसामुक्त क्षेत्र  बजार पस्ने ठाउमा सौचालय बनाई दिनु परयो ।

**८ चतुर्मान डागी वडा १ सर्रा**

तारबार सम्पन्न भएको सानी अम्वापुर हरित पार्क अन्तर्गत बृक्षारोपण कार्यक्रम शुरु भएको  छ । यस्लाई निरन्तरता दिनुपर्ने । बत्ती आयो आयो आयो भनियो २ फेजको मात्र आउदा मधुरो बलेको अवस्था छ । त्यसलाई ३ फेजको बत्ती बनाउन नगरपालिकाले सहयोग गर्नुपरयो ।

**९ धर्म.हमाल उपभोक्ता वडा नं. ६**

सुपैलाखुटीका उपभोक्ता र शहरी क्षेत्रका ग्रामीण क्षेत्रको उपभोक्तालाई लागत सहभागितामा एउटै मापदण्ड अपनाउनु भएन । फरक फरक हुनुपर्ने बनाउनु परयो । । ग्रामीण क्षेत्र हात्तीखर्क आदी क्षेत्रमा पानी विजुली बाटो आदीमा प्राथमिकता दिनुपरयो । अर्को कामकै शिलशिलामा चेतना पनि छैन चेतना बढाउने काम पनि चाहियो ।

**१० ध्रुब नेपाली प्रगतिनगर टोल वडा ११**

बाटो विच भएको ठाउमा पनि सडक बत्ती छैन । तुलसीपुर चोक देखि रतनपुरको बाटो साघुरो भयो । टिप्परका लागि बैकल्पीक बाटो चाहियो । खानेपानी चाहियो ।

**११ बीर बहादुर शार्की घोराही ६ हात्तीखर्क**

हामी बाटोमा लागेका छौ । त्यो बाटोलाई नगरपालिकाले बाटोको बजेट नघटाओस । पानी सोलारबाट पाइएको छ । अर्को पम्पीग सेट थपे राम्रो ।

**सहभागीहरुका जिज्ञासाको जवाफ तथा सुझाव ग्रहण कार्यकारी अधिकृत तुफानसिह के.सी.**

- सेवाग्राही र सेवा प्रदायक दुबै भएकाले यस घोराही नगरको विकासमा म संबेदनशिल छु ।
- नगरपालिकाको लागत सहभागिता पिच नगरबासीकै लगानी र निगरानीमा हुने भएकाले निर्माण कार्यको गुणस्तर कायम राख्न न.पा. तथा उपभोक्ताहरुको जिम्मेवारी हो ।
- लामखुट्टे नियन्त्रयणमा सरसफाई बढाउनु नै उपयुक्त, विकल्प हो । स्प्रे गरेर नियन्त्रण नहुने कुरा प्रमाणित भईसकेको छ तसर्थ  सरसफाई र सचेतनालाई जोड दिनेतर्फ हामी लागिरहेका छौ।
- प्रदुषण नियन्त्रणका लागि सिमेन्ट उद्योगसंग बसेर छलफल गर्ने योजना बनाएका छौ । जनप्रतिनिधी  नभएको अवस्थामा कर्मचारीको पहलले मात्र अपेक्षाकृत नतिजा आउन नसक्ला ।
- खानेपानीको समस्या पहिलाको तुलनामा राम्रो भएर गएको छ, तथापी सुविधा थप्न लाग्नु पर्छ । ग्रामीण क्षेत्रमा सोलार पम्पबाट तानेर भएपनि नगरबासीको खानेपानी सेवा विस्तारमा लागी परेका छौ ।
- हरित नगरका लागि दिर्घकालिन योजना बनाएर अघि बढ्न खोजेका छौ । प्लाष्टिक नियन्त्रणका लागि नगरपालिकाले प्रयास थालेको छ । मुल समस्या सरकारी निति र जनचेतना दुबै हो । उत्पादन र निकासी प्रतिबन्ध लगाउने योजना बनेमा सफल होला अन्यथा गाह्रो छ
- घरनक्सा पासमा पव्लीकले मापदण्ड पुरा गरेका छन् । सरकारीले पछि मात्र गर्ने भएकाले समस्या आएको हो । अव सरकारी भबनलाई छुट दिने पक्षमा छैनौ । खोलाबाट गिट्टी उठाउने सन्दर्भमा गिट्टी वालुवाको ठेक्का बन्दोवस्त जि.बि.स. बाट हुने गर्छ । प्रारम्भिक वातावरणी परिक्षण IEE गराएपछि ठेक्का लगाउनु पर्ने हुन्छ र उक्त प्रतिबेदनले निषेध गरेको क्षेत्रबाट ढुगा गिट्टी वालुवा उठाउन पाइदैन । दहछेडा लाहापे प्राथमिकतामा छ । ग्रामीण क्षेत्र । नगरपालिका अनुदानमा ५ लाख भन्दा कमको योजना छान्न पाइदैन ।

## ६ सामाजिक परिक्षकको प्रारम्भिक प्रतिवेदन अनुसुची २

## मिति २०७०-०७-१५ मा आयोजित बृहत छलफलमा प्रस्तुत प्रगति विबरण

१. स्थानीय निकायको परिचय

नाम- घोराही नगरपालिका, दाङ । स्थापना २०३५ माघ १५ गते ।

जनसंख्या- ६२ हजार ९ सय २८ जनगणना २०६८. । हाल २०७० असार सम्म ६८७०६ पुगेको अनुमान । बृद्धिदर ४.५ प्रतिशतलाई आधार मान्दा ।

क्षेत्रफल- ७४.४६ बर्ग.कि.मी. । जनघनत्व हालको ९२२ जना प्रति बर्ग कि.मी. २०७० मा ।

२. घोराही नगरपालिकाको आ.व.२०६९/०७० का प्राथमिकताहरु १६ औ नगरपरिषद्बाट पारित भए अनुसार

- कुल बजेट १० करोड ५७ लाख ४७ हजार जम्मा बजेट मा जम्मा खर्च १० करोड ५२ लाख ३३ हजार बजेटका हिसावले ९९.५१ प्रतिशत प्रगति ।

३. गतवर्ष (आर्थिक बर्ष ०६८/०६९) का मुख्यमुख्य उपलव्धीहरु. ।

सडक विस्तार तथा पिच । सार्वजनिक निर्माण । साक्षरता अभियान । फोहोरमैला व्यबस्थापन । सामाजिक सुरक्षा कार्यक्रम । साझेदारी विकास कार्यक्रम । शहरी बालशिक्षा । सामाजिक विकास ( दलित जनजातीको क्षमता विकास कार्यक्रम ।

४. यसवर्ष (आर्थिक बर्ष २०६९/०७०)का मुख्य मुख्य उपलव्धीहरु ।

- नगरक्षेत्रमा सडक कालोपत्रे ३.२२ कि.मी ।
- सडक ग्राभेल १७.५५ कि.मी. ।
- धुले तथा कच्ची सडक ५.३ कि.मी.
- खानेपानी योजना १२ बटा कुवा तथा अन्य ।
- सिचाई सुविधा ४१ हेक्टरमा ।
- विद्यालय सहयोग १ बटा ।
- बैकल्पीक उर्जा ७५ बटा घर ।
- खुला दिशामुक्त क्षेत्र वडा नंबर २, ३ र ५ ।
- घरनक्सा पास ४ सय ४५ सामान्य भवन संहिता अनुसार बनेका ३८ बटा ।
- हरित नगरका लागि बृक्षारोपण २२५ नयाबजार क्षेत्र लगायत अन्य क्षेत्रमा ।
- बालबालिका प्रोफाईल तयार ।
- यो आवको कुल सम्पन्न योजना संख्या ८७ बटा ।

५.सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा ।

| सामाजिक जिम्मेबारीको क्षेत्र | गतवर्षकोअवस्था ०६८ ६९ को | प्रयास ०६९ ७० को | उपलव्धी |
|---|---|---|---|
| स्वास्थ्य | | | |
| एक घण्टा भित्र स्वास्थ्य संस्था पुग्न सक्ने घरपरिबार | जम्मा घर परिबार १५ हजार मध्ये ११ हजार घरपरिबार । | घोनपा ६ हात्तिखर्क र घोनपा ९ करौतिडाडामा नगर स्वास्थ्य क्लिनिक स्थापना | स्वास्थ्य क्लिनिक स्थापना पछि थप १ हजार परिबार १ घण्टा भित्रै स्थास्थ्य संस्थामा जान सक्ने अवस्था सृजना भएको । |
| ५ बर्ष मुनीका बालबालिका प्रतिशत | १५ प्रतिशत | शहरी क्लिनीक स्थापना गरी खोप लगायत उपचारमा सहयोग | घर नजीकै खोप तथा उपचारमा सहज पहुच बढेको । |
| खोपमा पहुच भएको जनसंख्या १ बर्ष मुनीको बालबालिकाको आधारमा | विसीजी/दादुरा ९८ प्रतिशत डिपिटी हिप वि ८८ प्रतिशत | नगर क्लिनिक स्थापना गरी पहुच वढाउने प्रयास भएको | क्लीनिक स्थापनापछि खोपको पहुच बढेको |
| ४ पटक गर्भजाच गराएका महिलाको संख्या प्रतिशतमा | - | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको जम्मा गर्भबतिको ९० प्रतिशत |
| दक्ष प्रसुतिकर्मीबाट | - | अवस्था पत्ता लगाउने प्रयासको | अवस्था पत्ता लागेको ५५ प्रतिशत |

| | | | |
|---|---|---|---|
| प्रसुति गराएका महिला संख्या | | थालनी गरेको । | |
| झाडापखालाबाट मृत्यु हुने संख्या | | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको<br><br>१ जना स्वास्थ्य संस्थामा |
| स्वास्थ्य संस्थाबाट सेवा लिने घरपरिबार संख्या | विरामी पर्दा सबैजसोले लिने गरेको | स्वास्थ्य संस्था थपेर पहुच बृद्धि गरेको | थप १ हजार परिबारले नजीकै स्वास्थ्य सेवा पाएको |
| **शिक्षा** | | | |
| आधाघण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका संख्या | — | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको<br><br>सवै आधा घण्टा भित्र विद्यालय पुग्ने |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | - | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको<br><br>२५ प्रतिशत मात्र FGD २०६८ |
| प्राथमिक विद्यालयमा पहुच नभएका ५-९ उमेर समुहका बालबालिकाको संख्या प्रतिशतमा | ३२१ ज्ना<br><br>६-१८ उमेर समुहका<br><br>FGD २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको<br><br>६० श्रमिक बालबालिकालाई विद्यालय जान प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन |
| कक्षा १ मा खुद भर्नादर | ९८ प्रतिशत DEO २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको |
| प्राथमिक तहमा | क्रमश ५, १० र | अवस्था पत्ता | अवस्था पत्ता लागेको |

| | | | |
|---|---|---|---|
| कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तिर्ण हुने दर | ९० प्रतिशत<br><br>DEO २०६८ | लगाउने प्रयासको थालनी गरेको । | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९८ प्रतिशत<br><br>DEO २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ४० देखी ५० जना<br><br>DEO २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको |
| स्थानीय निकायबाट निर्मीत विद्यालय कोठा संख्या | | १ विद्यालयलाई सहयोग | विद्यालयको अवस्थामा सुधार भई गुणस्तरिय पठनपाठनमा टेवा पुगेको |
| दलित बालबालिकाको शिक्षामा पहुच | | छात्रबृत्ति उपलव्ध गराएको | २२ जनाले छात्रबृत्तिमा पढ्न पाएको । |
| खानेपानी तथा सरसफाई | | | |
| स्वच्छ खानेपानी पुगेको परिबार संख्या | ८० प्रतिशत | कुवा मर्मत निर्माणमा सहयोग संख्या २०, १५० मी. पाइपलाइन विस्तारमा सहयोग अम्वापुर ८० प.सं | थप परीवारले स्वच्छ पानी पाएको |
| सौचालय भएको परिबार संख्या | ८०.७ प्रतिशत | खुला दिशा मुक्त अभियान सञ्चालन, र नया शौचालय निर्माण गर्ने परिवार संख्या | चर्पी प्रयोग गर्ने परिबार संख्य बढेको |

| | | | |
|---|---|---|---|
| | | ३१२४ | |
| सुधारिएको चुलो भएको परिबार संख्या | ६०५ परीवारले प्रयोग गरेको<br><br>नवीकरणीय उर्जा कार्यक्रम | समन्वयमा काम भएको । संघसंस्थामार्फत सुधारिएको चुलो निर्माणमा प्रोत्साहन गरिएको । | दाउरा खपतमा कमी आएको<br><br>गृहणीहरुको स्वस्थ्यमा सुधार भएको |
| बालबालिमा महिला तथा समावेशी क्षेत्र | | | |
| बाल विबाह संख्या | ९९ जना FGD. २०६८ | बालमैत्री कार्यक्रम अन्तगृत सचेतनामुलक काम भईरहेको | बाल विवाह विरुद्ध सचेतना बढेको । |
| सामाजिक विकृति विसंगति | - | सचेतनामुलक कार्यक्रम | घट्दै गएको |
| सामाजिक सुरक्षा( जेष्ठ नागरिक, एकल महिला, अपाङ, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती) | जेष्ठ नागरिक ७६७ जना, एकल महिला २४६ जना, दलित जेष्ठ नागरिक ४१८, पूर्ण असक्त ४४, आंशिक अपाङ ३ जना, लोपोन्मुख ४ जना | जेष्ठ नागरिक जना १०५, एकल महिला १५२ जना, दलित जेष्ठ नागरिक ३९, पूर्ण असक्त ७, आंशिक अपाङ ४८ जना, लोपोन्मुख १ जना | सामाजिक सुरक्षा पाउनेहरुको संख्यामा बृद्धि भइरहेको । |
| जनचेतना तथा गरिवी निबारण | | | |
| बाल श्रमको अवस्था | आठ सय ५१ जना बालश्रमिक रहेको | ६० जना बालश्रमिक | लगानी योजना बनेको । |

| | | | |
|---|---|---|---|
| | पत्ता लागेको | परिवारमा पुर्नस्थापना गरेको | |
| बालक्लवहरुको अवस्था | १५८ बटा | क्षमता विकासका कार्यक्रमहरु शुरु | १ सय ५० बालबालिकाको नेतृत्व तथा क्षमता विकास भएको । |
| महिला हिंशा | सख्या एकिन गर्न गाह्रो | सचेतनामुलक कार्यक्रमहरु | महिला हिशाका घटना घटेको जागरण बढेको |
| रोजगारीको अवस्था | - | स्वरोजगारका अवस्था सृजनाका लागि तालिमहरु | अदक्षहरुको क्षमता विकास भई रोजगारीका अवसर बढेको । |
| स्वरोजगारका प्रयासहरु | | दलित जनजाती २३ जना महिलालाई शिपमुलक तालिम सिलाई कटाई सञ्चालन | विपन्न तथा जनजाती समुदायको क्षमता विकास भएको । |
| गरिवि निबारणका प्रयासहरु | | आयआर्जनमा सहयोग गर्न सुलभ व्याजमा सहुलियत कर्जा | ३९ टोविसका सदस्यहरु लाभान्वित भएको |
| सामाजिक परिचालन | | टोल विकास संस्थाहरु गठन<br><br>वडा ना.मंच ५, नागरिक स.के, ५ | १० वटा टोल विकास संस्था गठन भएका । |
| बातावरण सुधारका प्रयासहरु | | टो.वि.स., आमा समुहलाई फोहोर व्यबस्थापन तालिम, मेलामा प्रदर्शनी, हरित नगरका लागि वृक्षारोपन | २०० परिबारका आमा सदस्यहरुले फोहोर व्यबस्थापनबारे जानकारी पाएको । |

| | | | |
|---|---|---|---|
| एच.आइ.भि.एड्स | संक्रमित संख्या ५ जना<br><br>FGD २०६८ | सचेतनामुलक कार्यक्रम सञ्चालन | - |
| विकासमा समान सहभागिता | - | उपभोक्ता समितिमा महिला /जनजाती सहभागितालाई प्रोत्साहन गरिएको | सबैजसो क्षेत्रमा समानुपातिक सहभागिताको अवधारणा विकास हुदै गएको । |
| **सेवाहरुमा पहुच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | स्थान अनुसार ५ मीनेट देखि २ घण्टा सम्म लाग्ने गरेको । | बजार विस्तारलाई बढावा दिने गरिएको । | बजारमा स्थानीय बासीन्दाको पहुच बढ्नेक्रम जारी रहेको। |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | स्थान अनुसार ५ मीनेट देखि २ घण्टा सम्म लाग्ने गरेको । | - | - |
| भौगालिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्त बर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु | | पिछडिएको भौगोलिक क्षेत्रका बासीन्दालाई सौर्य उर्जाका लागि सोलार वितरण<br><br>तालिममा प्राथमिकता | परिबारको उज्यालोमा पहुच बढेको ।<br><br>तालिमहरुमा अवसर पाउनेमा दलित जनजाती तथा पिछडिएका धेरै । |
| **संस्थागत क्षमता** | | | |
| जनसक्ति | ७९ जना ज्यालादारी समेत<br><br>खास संख्या ६२ | क्षमता विकास तालिम | काममा छिटो छरितो पना आएको । |
| निति तथा कार्यक्रम | प्रविधीले सम्पन्न बनाउदै लैजाने | वेभसाइड निर्माण तथा अध्यावधिक गर्ने काम | सूचना प्रवाहमा सहजता । |

| | | | |
|---|---|---|---|
| | कम्प्युटराइज्ड प्रणालीको विकास | भइरहेको । | |
| भैतिक व्यबस्था | - | भौतिक श्रोतहरु थप्ने काम भएको । | छिटो छरितो सेवा प्राप्ती तथा सुविधा उपयोगमा बृद्धि |
| समन्वय र सहकार्यका प्रयासहरु | | गैसस तथा विषयगत कार्यालयहरुसंग सहकार्य भइरहेको । | सहकार्यबाट पनि नगरबासीले पाउने सेवामा सहजता भएको । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | | समन्वय । | |

६ गतवर्ष भोगेका समस्याहरु(बुदागत रुपमा)

- स्था.वि.मन्त्रालयबाट आउने बजेट ढिलो निकासा हुने हुदा काममा बाधा आउने गरेको ।
- माग गरेका योजना समयमा स्विकृत नहुनु ।
- आर्थिक समस्याले योजना कार्यन्वयनमा समस्या आउने गरेको ।
- आन्तरिक श्रोतको रकम पनि ढिलो उठ्ने हुदा आन्तरिक श्रोतका योजना पनि ढिला शुरु हुने साथै कार्यसम्मन्न हुन ढिला हुने गरेको ।
- लागत सहभागिता रकम समयमा नउठ्नाले पनि समस्या आउने गरेको छ ।
- लक्षित समुदायका कार्यक्रममा लागत सहभागिता जुटाउन अत्यत्यै कठिनाई
- उपभोक्ता समिति गठनमा पनि समस्या देखिने गरेको छ ।

**७ सुधारका लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुदागत रुपमा)**

- कामहरु गर्दा मन्त्रालयले दिने निर्देशन, नगरपरिषलले लिएका अल्पकालिन र दिर्घकालिन नीति तथा मार्गनिर्देशनलाई अवलम्वन गर्दै योजनाबद्ध विकासमा जोड दिनुपर्ने ।
- नगरबासीलाई मार नपर्नेगरी आन्तरिक श्रोतको दायरा बृद्धितर्फ जोड दिनुपर्ने ।
- नगरपालिकाभित्रको प्राकृतिक श्रोतको उपयोग नगरपालिकाले गर्न पाउने गरी स्पष्ट नितिगत व्यबस्था हुनुपर्ने देखिन्छ ।
- नगरपालिकाले अघि सारेको रिङ्गरोड, अटो भिलेज तथा मासुवधसाला निर्माण जस्ता योजनामा रहेका अवरोध हटाउन गंभिर भएर लाग्नुपर्ने ।
- विकास आयोजनामा जनसहभागिता बृद्धिका लागी उपभोक्ताहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु अघि बढाउनुपर्ने ।
- यस अघिका नगरपरिषदबाट पारित गरिएका कार्यक्रमहरु मध्ये सवारी दुर्घटना न्युनिकरणका लागि फुटपाथ निर्माण, औद्योगिक क्षेत्र स्थापनाका लागि स्थान छनौट, विद्युतिय शुसासनलाई प्रभावकारी बनाउन कार्ययोजना तर्जुमा, नगरक्षेत्रका बास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुका लागि विशेष कार्यक्रम ल्याउने जस्ता कार्यक्रमहरु शुरु हुन नसकेको तथा आंशिक मात्र शुरु भएकाले पारित गरिएका कार्यक्रमलाई प्राथमिकतामा राखेर श्रोत जुटाउनुपर्ने देखिन्छ ।
- स्थानीय निकाय सार्वजनिक निकाय भएकाले सूचनाको हक सम्वन्धी ऐन २०६४ अनुसार यस्ले गरेका कामहरु ४-४ महिनामा आम नागरिकका लागि सार्वजनिक गर्नुपर्ने देखिन्छ । यद्ययी यस्ले सम्पन्न गरेका कामहरु बार्षिक रुपमा भने आम सञ्चारका माध्यमबाट सार्वजनिक भइरहेको देखिन्छ ।
- नगरपालिकाका हरेक शाखाबाट भइरहेका काम तत्काल पाउन सक्नेगरी सूचना शाखालाई व्यबस्थीत गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा प्रभावकारिता ल्याउन साना साना काममा पनि तोक लगाएर मात्र काम शुरु गर्ने परिपाटीको अन्त्य गरि सम्वन्धित शाखाबाट सहजै हुनेगरी व्यबस्था मिलाउनुपर्ने देखिन्छ ।

- यस्तै नगरपालिकको कुनै शाखा प्रमुख वा कर्मचारी नआएको अवस्थामा पनि अर्को कर्मचारीबाट सेवाग्राहीले सेवा पाउने प्रवन्ध गर्ने व्यबस्था नगरपालिकाले मिलाउनुपर्ने देखिन्छ ।
- यसैगरी नगरपालिकाले आफुले गरेका काम तथा सेवालाई प्रभावकारी बनाउन सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, न्युनतम सर्त मापन संग सम्वन्धित सूचनाहरु अध्यावधिक गर्नुपर्ने तथा बालबालिका, महिला तथा दलित जनजाती प्रोफाइल तयार गरी काम गर्नुपर्ने देखिन्छ । जस्को सुरुवात गरिएको नगरपालिकाले जनाएको छ ।
- यस्तै सामाजिक परिक्षण कार्यविधी अनुसार सामाजिक परिक्षकलाई सहयोग गर्न सामाजिक परिक्षण समन्वय समिति गठन गर्नुपर्ने देखिन्छ ।

**सामाजिक परिक्षक/विज्ञ समुहको नाम**

**सुदर्शन रिजाल, उप प्राध्यापक महेन्द्र वहुमुखी क्याम्पस**

**सन्तोस सुवेदी, उप प्राध्यापक गंगा क्याम्पस रामपुर**

**मिति २०७०/.७./१५. गते ।**

## ७ सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु ।

क. नगरपालिकाले स्थानीय स्वायत्तसाशन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीको परिधीमा रहेर काम गरेको पाइएको । लेखा परिक्षण प्रतिबेदन तयार गर्दा स्थानीय निकाय श्रोत परिचालन निर्देशिका २०६९ ले मार्ग निर्देश गरेको कुरालाई ख्याल गर्नुपर्ने देखिन्छ ।

ख. नगरपालिकाका काममा जनसहभागिता राम्रो पाइएको । तथापी अझ बढाउन आवश्यक छ ।

ग. उपभोक्ताहरुले पेश्की विना पनि काम गर्ने गरेकाले आर्थिक बर्ष ०६८/०६९ मा भन्दा आव २०६९। ७० मा बेरुजु रकम घटेको पाइएको ।

घ. नगरपालिकाले सिष्टममा रहेर काम गरेकै कारण अर्थिक बर्ष २०६८।६९ मा घोराही नगरपालिका मुलकभरकै नगरपालिकाको न्युनतम सर्त मापनमा पाचौ नगरपालिकाको रुपमा पुरस्कृत भएको ।

ङ. सामाजिक परिक्षण बृहत छलफलमा नगरबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको ।

च. सामाजिक परिक्षण कार्यक्रममा नगरबासीबाट आएका अपेक्षालाई सकेसम्म सम्वोधन गर्ने कार्यकारी अधिकृतको प्रतिबद्वता आउनु ।

छ. नगरपालिकाले गरेका कामको बार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुनेगरेको ।

## ८ सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमीकमजोरीहरु ।

क लागत सहभागिताका लागि सबै उपभोक्ताबाट रकम उठाउन चुनौती रहेको ।

ख.नगरपालिकाको आन्तरिक श्रोतको रकमले कर्मचारीलाई तलवमै सकिने अवस्था रहेकाले आन्तरिक श्रोत बृद्बि गर्न चुनौती रहेको ।

ग.लागत सहभागिताका लागि उठाउनु पर्ने रकम ग्रामिण क्षेत्रका गरिब नागरिकले उठाउन नसक्नु

घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने चुनौती रहेको ।

ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्बि गर्नु चुनौतीपूर्ण रहेको ।

## ९ सामाजिक जिम्मबेरी पुरा गर्न घोराही नगरपालिकाले चाल्नुपर्ने कदम वा सुझावहरु ।

क लागत सहभागितामा बृद्धि गर्न विपन्न समुदाय तथा ग्रामिण क्षेत्रका बासीन्दालाई म्याचिङ फण्ड वा अन्य कुनै विकल्प सोच्नुपर्ने देखिन्छ ।

ख.नगरपालिकाको आन्तरिक श्रोत बृद्धिका लागि करका दायराहरु फराकिलो बनाउनुपर्ने तथा नगरपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको भौतिक पूर्वाधारलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।

ग.उपभोक्तबाट निर्माण गर्नुपर्ने योजनाका लागि उपभोक्ताको क्षेमतामा बृद्धि गर्नुपर्ने देखिन्छ ।

घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने ।

ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्धि गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

च. नगरपालिकाले गरेका कामको अभिलेखिकरण तुरुन्त पाउन सक्नेगरी सूचना शाखामा अभिलेखिकरण गरेको हुनुपर्ने ।

**सामाजिक परिक्षकको नाम**

**१ सुदर्शन रिजाल** **२ सन्तोष सुवेदी**

**दस्तखत** **दस्तखत**

**मिति २०७०।७२५**

# कार्यक्रमका तस्विरहरु







घोराही नगरपालिका कार्यालय, दाङ
यस कार्यालयद्वारा २०६९/ ०७० मा सम्पादन गरेका
क्रियाकलापहरूको
सामाजिक परिक्षण
२०७० कार्तिक १५


घोराही नगरपालिका कार्यालय, दाङ
यस कार्यालयद्वारा २०६९/ ०७० मा
सामाजिक
कार्यक्रम
२०७०


घोराही नगरपालिका कार्यालय, दाङ
यस कार्यालयद्वारा २०६९/ ०७० मा सम्पादन गरेका
क्रियाकलापहरूको
सामाजिक परिक्षण कार्यक्रम
२०७० कार्तिक १५


घोराही नगरपालिका कार्यालय, दाङ
क्रियाकलापहरूको